जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ | स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ | अंक २२४ | २०७८ साल चैत २४ गते बिहीबार (7 Apr. 2022 Thursday) | मूल्य रु. ५/-

आगलागीबाट सावधानी अपनाऔं।

निम्न कारणबाट आगलागी हुनसक्छ,

- आगोको प्रयोगमा होसियारी नअपनाउँदा ।
- प्रज्वलनशील वस्तुको उचित प्रयोग नगर्दा,
- हुरी बतास चल्दा,
- प्रयोगपछि आगोको उचित व्यवस्थापनमा लापरबाही गर्दा,
- चटयाङ पर्दा तथा बिजुलीका तार सर्ट हुँदा ।

त्यसैले, सचेत रहौं, आगलागीबाट बचौं र बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : 'लागूऔषध रोकथाम तथ्य... ३ पृष्ठमा : परिवार दलले तीनै तहको ... ३ पृष्ठमा रूसमा इन्टेलको सबै व्यापार...

# चिकित्सकको लापरवाहीले नवजात शिशुको मृत्यु



**दैनिक समाचारदाता**
**राजविराज, २३ चैत ।**

राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पतालमा चिकित्सकको लापरवाहीले बुधबार उपचारका क्रममा एक नवजात शिशुको मृत्यु भएको छ। नवजात शिशुको मृत्यु पश्चात् उनका आफन्तजनले होहल्ला गरेपछि अस्पतालमा तनाव उत्पन्न भएको थियो ।

बुधवार उपचारका लागि भर्ना भएकी सप्तरीको बोदेबरसाइन नगरपालिका ७ की २९ वर्षिया पुनिता यादवकी नवजात शिशु (छोरा) को मृत्यु भएपछि तनाव उत्पन्न भएको हो ।

आफन्तजनले उक्त घटनाको छानबिन र दोषि चिकित्सकमाथी कारवाहीको माग गर्दै प्रदर्शनमा उत्रिएपछि सुरक्षाकाकर्मी परिचालन गरिएको थियो । आफन्तजनले अस्पतालका निमित्त मेडिकल सुपरिन्टेन्डेन्ट डा.दिलीपकुमार साहको लापरवाहीका कारण शिशुको मृत्यु भएको दाबी गर्दै उनीमाथी कारवाहीको माग गरेका छन् ।

गर्भवती अवस्थामा विगत पाँच महिनादेखि जिल्लाको बोदे बरसाइन नगरपालिका ७ हैठीकी २९ वर्षीया यादव मेसु डा.साहकै प्राइभेट क्लिनिक 'प्रसुति तथा स्त्री रोग क्लिनिक एण्ड डाइगनोष्ट्रिक डी. सेन्टर राजविराज' मा जाँच गराउँदै आएकी थिइन् । बुधवार व्यथा लागेपछि पुनितालाई प्रसूति गराउन उनकै सल्लाहमा विहान अस्पताल ल्याएर भर्ना गरिएको थियो ।

मेसु डा.साहकै सल्लाहअनुसार गर्भवति भाउजूलाई जाँचहरु गराउँदै आए पनि सफल प्रसूति गराउनेतर्फ चिकित्सकहरुले लापरवाही गर्दा सो दुःखद घटना भएको निरजको भनाई छ ।

यता मेसु डा. साहले बच्चा जन्मिदा सबै ठिकै रहेता पनि 'मिकोनियम' भएर शिशुको मृत्यु भएको प्रतिक्रिया दिएका छन् । अस्पतालको तर्फबाट कुनै प्रकारको लापरवाही नभएको भन्दै डा. साहले डिलेभरी भएसँगै 'मिकोनियम' अर्थात बच्चाको दिसा मुख हुँदै स्वास नलीमा मिसिएर बच्चाको मृत्यु भएको बताए ।

# करेन्ट लागेर बृद्धको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, २३ चैत ।**

सप्तरीको बोदेबर्साईन नगरपालिका ८ काचनमा बुधबार हाई भोल्ट करेन्ट लागेर एक व्यक्तिको मृत्यु भएको छ । स्थानीयबासी ६५ वर्षीय रामनारायण साहको करेन्ट लागेर मृत्यु भएको प्रहरीले जनाएको छ ।

नयाँ घरको माथी छत रेलिङ्गमा पानी हाल्दै क्रममा छतको माथि रहेको एगार हजार भोल्टको तारमा अचानक छुन जादा उनलाई करेन्ट लागेको थियो । करेन्ट लागेर सिकिस्त भएका तत्कालै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# हत्या गरिएको अवस्थामा शव भेटिए

**दैनिक समाचारदाता**
**जनकपुरधाम, २३ चैत ।**

धनुषामा एक युवकको हत्या गरिएको अवस्थामा शव भेटिएको छ । जिल्लाको हंसपुर नगरपालिका ७ बस्ने १८ वर्षीय विजय महराको शव हत्या गरिएको अवस्थामा भेटिएको प्रहरीले जनाएको छ ।

महराको शव सोही नगरपालिकाको वडा- ६ स्थित गहुँ खेतमा भेटिएको धनुषा प्रहरीका प्रवक्ता एवं डीएसपी जितेन्द्र कुमार बस्नेतले जानकारी दिए ।

उनका अनुसार महराको बायाँ आँखाको माथि निधारमा गोली प्रहार भएको देखिएको छ । यस्तै पछाडि ढाडमा दुई पटक चक्कुले प्रहार गरेको देखिएको बताए ।

मृतकको शवलाई पोष्टमार्टमका लागि प्रादेशिक अस्पताल जनकपुरधाम पठाइएको तथा घटना बारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# आफु खुशी उम्मेदबार भएको भन्दै सामाजिक संजालमा प्रचार गर्नेलाई कारवाही गरिने : जसपा

**दैनिक समाचारदाता**
**राजविराज, २३ चैत ।**

सामाजिक संजालमार्फत आफु उम्मेदवार भएको भन्दै प्रचार गर्न थालेपछि जनता समाजवादी पार्टी सप्तरीले त्यस्ता नेता कार्यकर्तालाई सचेत गराएको छ ।

आगामी स्थानीय तह निर्वाचनका लागि उम्मेदवार चयन प्रक्रिया मै रहेका बेला केही आकाँक्षीहरुले सामाजिक संजालमा प्रचार गर्न थालेकोले सो क्रियाकलाप बन्द गर्न जसपा सप्तरीले सचेत गराएको हो ।

जनता समाजवादी पार्टी जिल्ला समन्वय समिती सप्तरीका अध्यक्ष केदार यादवले बुधवार एक प्रेस विज्ञप्ती जारी गर्दै पार्टीको निर्णय विपरीत त्यस्तो क्रियाकलाप गर्नेहरुमाथी अनुशासनको कारवाही चलाईने चेतावनी समेत दिएका छन ।

विज्ञप्तीमा स्थानीय तह निर्वाचन निर्देशीका २०७९ अनुसार उम्मेदवार चयन प्रक्रिया जारी रहेकै बेला जिल्लामा केही ब्यक्तीले पार्टीको विधी, प्रक्रिया र निर्वाचन सम्बन्धि कार्यवीधीलाई नै चुनौती दिने गरी आफु उम्मेदवार भएको भनी समाजिक संजाल मार्फत जनतामा भ्रम फैलाउने गरेको कार्य प्रति पार्टीको गम्भीर ध्यानाकर्षण भएको उल्लेख छ ।

उम्मेदवार चयन प्रक्रियालाई प्रभावित पार्ने र पार्टी निर्देशन विपरीत आफुलाई स्वघोषित उम्मेदवार भएको भनी प्रचार र भ्रम फैलाउनेलाई अनुशासनको कारवाही गरिने समेत विज्ञप्ती मार्फत चेतावनी दिइएको छ ।

# चैती छठ अन्तरगत आज अस्ताउँदो सूर्यलाई अर्घ दिइदै

**दैनिक समाचारदाता**
**राजविराज, २३ चैत ।**

चार दिनसम्म विभिन्न विधिहरु गर्दै मनाइने चैती छठ पर्वअन्तर्गत आज अस्ताउँदो सूर्यलाई अर्घ दिइदै छ ।

विभिन्न जलाशय किनारमा धार्मिक विधिपूर्वक चैती छठ पर्व मनाइँदै आएको छ । सत्य, अहिंसाप्रति मानवको रुचि बढाउने र सबै जीवप्रति सहानुभूति राख्न अभिप्रेरित गर्नु यस पर्वको विशेषता रहेको छ ।

सूर्य उपासना परम्पराको मोहक पद्धति मानिएको संसारमा यही एक यस्तो पर्व हो जसमा अस्ताउँदो र उदाउँदो सूर्यको पूजा गरिन्छ । पारिवारिक सुख, शान्ति, समृद्धि, शारीरिक कल्याण, रोगबाट मुक्ति तथा विभिन्न मनोकाङ्क्षा पूरा होस् भन्ने उद्देश्यले श्रद्धापूर्वक मनाइने छठ पर्वका अवसरमा पोखरी, नदी, तलाउ र जलाशयमा श्रद्धालु भक्तजनको भीड लाग्ने गर्दछ । चार दिनसम्म मनाइने

*बाँकी तीन पृष्ठमा*

# मधेश प्रदेशको कामकाजी भाषा छिट्टै घोषणा हुने : मुख्यमन्त्री राउत



**दैनिक समाचारदाता**
**जनकपुरधाम, २३ चैत ।**

मधेश प्रदेशका मुख्यमन्त्री लालबाबु राउतले प्रदेशको कामकाजी भाषा छिट्टै घोषणा हुने बताएका छन् ।

मैथिली विकास कोषले बुधबार आयोजना गरेको जनकपुरधाम साहित्य, कला तथा नाट्य महोत्सवको उद्घाटन समारोहमा मुख्यमन्त्री राउतले संविधान प्रदत अधिकार अनुरुप मधेश सरकारले प्रदेशको कामकाजी भाषाको घोषणा छिट्टै गर्न लागेको उल्लेख गरे ।

प्रदेशको कामकाजी भाषा सम्बन्धि विधेयक निर्माणको काम अन्तिम चरणमा पुगेको उल्लेख गर्दै उनले एक महिना भित्र विधेयक प्रदेश सभामा दर्ता हुने र प्रदेश सभाबाट पारित भए लगतै मधेश प्रदेश आफनै भाषामा सरकारी कामकाज शुरु गर्ने जानकारी दिए ।

मधेश सरकार प्रदेश भित्रका

*बाँकी तीन पृष्ठमा*

जन ज्योती कृषि सहकारी संस्था लि.
स्था.-२०६८
मलेठ, सप्तरी

## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२, www.janajyoticoop.com.np**

# 'लागूऔषध रोकथाम तथा नियन्त्रण राष्ट्रिय गुरुयोजना' तयार

**नारायण ढुङ्गाना**
काठमाडौँ, २३ चैत (रासस)।

झन्डै आधा दशकअघि निर्माण भएको लागूऔषध (नियन्त्रण) ऐन २०३३ प्रतिस्थापन गर्ने गरी सरकारले 'लागूऔषध रोकथाम तथा नियन्त्रण राष्ट्रिय गुरुयोजना' निर्माण गरेको छ।

बढ्दो लागूऔषध दुरुपयोग र अवैध ओसारपसारका कारण विश्वव्यापी रुपमै आपराधिक क्रियाकलामा वृद्धि भएको र युवा जनशक्ति कुलतमा फसेर त्यसै खेर जाने अवस्था भएकाले त्यसलाई रोक्न र सामाजमा सचेतना जागृत गराउने गरी पञ्चवर्षीय गुरुयोजना निर्माण गरिएको हो।

गृह मन्त्रालयले तयार पारेको उक्त गुरुयोजना आउँदो वर्षदेखि नै लागू हुनेछ। गुरुयोजनाले मुख्यगरी लागूऔषध प्रयोगबाट हुने सङ्क्रमण जोखिम न्यूनीकरण, प्रयोगकर्ताको भरपर्दो उपचार र पुनःस्थापना, अवैध ओसारपसार नियन्त्रण तथा अपराध न्यूनीकरणका लागि सहकार्य र साझेदारी गर्ने उद्देश्य लिएको छ।

गृहसचिव टेकनारायण पाण्डे लागूऔषधको प्रयोग गर्दा भविष्यमा के असर गर्छ भन्ने कुराको ज्ञान नभएका व्यक्तिलाई प्रयोग गरेर कारोबारीले उद्देश्य पूरा गरिरहेकाले त्यसलाई लक्षित गरेर गुरुयोजना तयार पारिएको बताउनुहुन्छ। विसं २०७८ देखि २०८४ सम्म गरिने क्रियाकलाप समेटेर गुरुयोजना तयार पारिएको छ।

"लागूऔषध प्रयोगको अवस्था बढ्दो छ, यसले आपराधिक गतिविधि बढाइरहेको छ, सीमा चोरी/तस्करी भइरहेको, युवा जनशक्तिको सिर्जनशीलता ध्वस्त पारेको छ", गृहसचिव पाण्डेले भन्नुभयो, "गुरुयोजना त्यस्ता गतिविधि रोकथाम गर्दै सभ्य समाज निर्माण गरी, मुलुकका युवालाई बचाउनका लागि हो।" उहाँका अनुसार क्रमशः आवश्यताका आधारमा संविधानले दिएको परिधिभित्र रहेर कानुन तर्जुमा पनि गरिने छ।

नेपालको पछिल्लो तथ्याङ्कलाई हेर्ने हो भने पनि लागुऔषध प्रयोगको अवस्था गम्भीर चुनौतीपूर्ण छ। प्राप्त विवरणअनुसार नेपालमा एक लाख ३० हजार प्रयोगकर्ता रहेकामा आठ हजार ३७२ महिला छन्। वार्षिक रुपमा ५.०६ प्रतिशतले प्रयोगकर्ता बढिरहेका छन्। कारागारमा रहेको कैदीबन्दीको अवस्था हेर्दा २१ प्रतिशत लागूऔषध कारोबारमा संलग्न भएका पाइएको छ। उक्त तथ्याङ्कको न्यूनीकरणका लागि पनि गुरुयोजना आवश्यक देखिएको गृह मन्त्रालयका प्रवक्ता फणीन्द्रमणि पोखरेल बताउनुहुन्छ।

गुरुयोजनाको कार्यनीतिमा नै लागूऔषध (नियन्त्रण) ऐन २०३३ लाई प्रतिस्थापन गर्दै उपचार तथा पुनःस्थापना केन्द्रसम्बन्धी प्रोटोकल र मापदण्ड तयार पार्ने, पाठ्यक्रममा लागूऔषधका विषय समावेश गर्ने, लागूऔषध नियन्त्रण विभाग स्थापना गर्ने, लागूऔषध विश्लेषणसम्बन्धी सफ्टवेरको विकास गर्ने रहेको छ।

यसले केही हदसम्म सरकारको लक्ष्य पूरा हुने अपेक्षा गरिएको गृह मन्त्रालयका उपसचिव गोकर्णप्रसाद उपाध्यायको भनाइ छ। विसं २०३३ मा बनेको ऐन पुरानो भएको र यसले प्रयोगकर्तालाई अपराधी घोषित गरेको भनी यससँग काम गर्दै आएका सामाजिक संस्थाले संशोधनको माग गर्दै आएका थिए। उनीहरुले यसलाई रोगका रुपमा लिनुपर्नेमा जोड दिएका थिए। कतिपय सजायको सवालमा समेत समयसापेक्ष सम्बोधन हुन नसकेको प्रहरी अधिकारीहरुको गुनासो रहँदै आएको थियो। त्यसैले ऐन संशोधनको टड्कारो आवश्यकता महसुस गरिएका बेला गृह मन्त्रालयले उक्त ऐन प्रतिस्थापन गर्ने गरी गुरुयोजना तयार पारेको छ।

कानुन संशोधन तथा मापदण्ड बनाउनेदेखि अन्य सचेतनामूलक कार्यक्रम पनि सँगसँगै सञ्चालन हुनेछ। गुरुयोजनाका विषय आगामी बजेटबाटै समावेश गर्ने गरी मन्त्रालयले तयारीसमेत थालेको छ। यसभित्र तीनै तहको सरकार, गैरसरकारी संस्था सामाजिक संस्था, निजी क्षेत्र, पत्रकार, नागरिक समाजलगायत सरोकारवाला क्षेत्रमार्फत एकीकृत कार्यक्रमको रुपरेखा तयार पारिएको छ। कसले के काम गर्ने भन्ने कुरासमेत तोकिएको छ।

गुरुयोजना कार्यान्वयनका लागि गृहमन्त्रालयका सचिवको अध्यक्षतामा रहेको कार्यकारी समितिको प्रत्यक्ष निर्देशन तथा प्रचलित कानुनका आधारमा मन्त्रालयको लागूऔषध नियन्त्रण शाखा, नेपाल प्रहरी र सशस्त्र प्रहरी, प्रदेश र स्थानीय तह, निजी क्षेत्र, गैरसरकारी संस्था नागरिक समाज तथा सञ्चारमाध्यामका प्रतिनिधिसमेतको सहभागितामा गुरुयोजना कार्यान्वयन संयन्त्र हुनेछ।

सङ्घीय सरकारले मूलतः कानुन तथा अन्य आवश्यक मापदण्ड तर्जुमा गर्नेछ। स्थानीयस्तरमा कार्यक्रम सञ्चालन, सचेतना, दुरुपयोग रोकथाम तथा नियन्त्रणका लागि जिल्ला प्रशासन र प्रहरीले हेर्नेछ। यस्तै ओसारपसार बेचबिखन, प्रयोग र सङ्गठित अपराध रोक्नका लागि लागूऔषध नियन्त्रण ब्यूरोको भूमिका रहनेछ।

प्रदेशको लागूऔषध प्रयोग रोकथाम, नियन्त्रणमा आवश्यक रणनीति लिने, सचेतना फैलाउने, तालिम, अभिमुखीकरणको भूमिका रहने गरी योजना बनाइएको छ। यस्तै स्थानीय तहले भने सङ्घ र प्रदेशबाट निर्धारण भएका कार्यक्रममा सहयोग, समन्वय, साझेदारी गर्न भूमिका निर्वाह गर्ने उल्लेख छ। यस्तै अवस्था र जोखिमका आधारमा कार्यक्रम तर्जुमा गरी सञ्चालन गर्ने छ। अन्य निकायसँग ती कार्यक्रममा समन्वय र साझेदारी गरी योजना लागू हुने जनाइएको छ।

नेपालको १५औँ योजनामा शान्ति सुव्यवस्था र सुरक्षाअन्तर्गत लागूऔषध नियन्त्रणको विषय समावेश भएको छ। उक्त योजनामार्फत सरकारले बहुसरोकारवालासँगको साझेदारीमार्फत सामाजिक विकृति विसङ्गति, द्वन्द्व, अपराध, हिंसा र लागूऔषध कारोबार तथा दुर्व्यसन नियन्त्रणको रणनीति लिइएको छ।

यस्तै लागूऔषध दुर्व्यसनमा परेका व्यक्तिलाई उपचार पुनःस्थापना गरी उद्यमशील र आत्मनिर्भर बनाइने उल्लेख छ। विभिन्न कानुन तथा राज्यले निर्धारण गरेको योजनाअनुसार त्यसलाई प्रभावकारी बनाउने गरी गुरुयोजना बनाइएको गृह मन्त्रालयका सहसचिव डा भीष्मकुमार भुसालले बताउनुभयो।

उहाँका अनुसार मङ्गलबार मात्रै गृहमन्त्रीबाट गुरुयोजना स्वीकृत भई अब कार्यान्वयनको चरणमा अघि बढेको हो। उहाँले उत्पादनशील युवालाई जोगाउनु नै यसको दीर्घकालीन महत्व रहेको बताउनुभयो। त्यसैले पाठ्यक्रममै समावेश गर्ने गरी प्रक्रियासमेत अघि बढाइएको छ।

# बजेटमा सहकारीलाई प्राथमिकता दिइनेछ : अर्थमन्त्री शर्मा



**दैनिक समाचारदाता**
**काठमाडौं, २३ चैत।**

अर्थमन्त्री जनार्दन शर्मा प्रभाकरले बजेटमा सहकारी क्षेत्रलाई प्राथमिकता दिने गरी गृहकार्य भइरहेको बताएका छन्।

आगामी आर्थिक बर्ष ०७९-८० को नीति कार्यक्रम र बजेट निर्माणका लागि सहकारी क्षेत्रका सरोकारवाला तथा अभियान्तासँग बुधबार दिउँसो अर्थ मन्त्रालयमा भएको छलफलमा बोल्दै अर्थमन्त्री शर्माले सबैको सुझाव संकलन गरेर बजेटमा सम्बोधनको प्रयास गरिने बताए।

छलफलमा सहकारी क्षेत्रका दुई दर्जन भन्दा बढी सरोकारवाला क्षेत्रका प्रतिनिधि तथा विज्ञहरुको सुझाव थियो। राष्ट्रिय सहकारी महासंघका अध्यक्ष मिनराज कँडेलले सहकारी क्षेत्रसँग बाझिएको ऐनहरु शंशोधन गर्नुपर्ने बताए।

उनले राष्ट्रिय सहकारी बैंकबाट पुनकर्जा दिने व्यवस्था मिलाउनुपर्ने, सबै प्रदेशमा शीत भण्डारण गृह निर्माण गरी सहकारीबाट संचालन गर्ने व्यवस्था मिलाउनुपर्ने, धुलो दुध कारखानाको संचालन सहकारीबाटै गरिनुपर्नेलगायतको सुझाव दिएका थिए।

अन्य प्रतिनिधिले सहकारीलाई घर घरसम्म लैजान प्रोत्साहन गर्नुपर्ने, कर्जा असुली न्यायाधिकरणलाई प्रभावकारी बनाउनुपर्ने, सहकारीमा हुने बदमासीलाई नियमन गर्न कडा व्यवस्था गरिनुपर्ने, सहकारी विकासका लागि अनुसन्धानका कामहरु हुनुपर्नेलगायतका सुझाव दिए।

अर्थ मन्त्रालयले आगामी आबको बजेट निर्माणका लागि निरन्तर छलफल गर्दै आएको छ। अहिलेसम्म कृषि, शिक्षा, निजी क्षेत्र, बैंक, बित्तीय संस्था र बिमा, संघीयता, पूर्वाधार, दलित, अपाङ्गता, अर्थविद्लगायत क्षेत्रका प्रतिनिधिसँग छलफल भइसकेको छ। मन्त्रालयले बजेटका लागि सुझाव लिन सांसद, पूर्व अर्थमन्त्रीहरु, युवा तथा बिद्यार्थीलगायतसँग चाडै छलफल गर्दैछ।

भौतिक रुपमा छलफलमा उपस्थित भई सुझाव दिन नसक्ने सर्वसाधारणका लागि मन्त्रालयले ११३८ नम्बरको टोल फ्रि उपलब्ध गराएको छ। कार्यालय समयमा फोन गरी सुझाव दिन सकिने टोल फ्रि नम्बरमा पनि उत्साहजनक हिसाबले सुझावहरु आइरहेका छन्।

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म ब्यवस्था गरी राखौं।

**अनुरोधकर्ता - खडक नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कल्याणपुर, सप्तरी**


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
**डा. सुशील मोहन दास**
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

**डा. कालीप्रसाद यादव**
**Dr. Kali Prasad Yadav**
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

**डा. जयन्ती यादव**
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# परिवार दलले तीनै तहको निर्वाचनमा नेकपा एमालेसँग तालमेल गर्ने

**दैनिक समाचारदाता**
**काठमाडौं, २३ चैत ।**

बैशाख ३० गते हुने स्थानीय तह निर्वाचनको मिति नजिकिएसँगै दलहरु चुनावी नतिजा आफ्नो पक्षमा पार्न दलहरु चुनावी तालमेलको तयारीमा छन् ।

सतारुढ पाँच दलिय गठबन्धनलाई काउन्टर दिन प्रमुख प्रतिपक्षदल दल नेकपा एमाले र परिवार दलबीच चुनावी तालमेलका विषयमा छलफल भइरहेको छ । यसअघि २०७४ सालको निर्वाचनमा ३ बुँदे सहमति गरेर परिवार दलले एमालेसँग चुनाबी सहकार्य गरेको थियो ।

यसैबीच नेपाल परिवार दलका अध्यक्ष एकनाथ ढकालसहितको टोलीले एमाले उपाध्यक्ष विष्णु पौडेलसँग संभावित चुनावी तालमेलका विषयमा केही दिनअघि छलफल गरेको छ । स्थानीय तह निर्वाचनमा एमालेसँग चुनावी तालमेल गर्ने विषयमा सकारात्मक छलफल भएको परिवार दलका अध्यक्ष एकनाथ ढकालले बताए ।

७६ जिल्लाको निर्वाचन कार्यालयमा दर्ता रहेको उक्त दलले ५२ जिल्लामा उम्मेदवारी दिने तयारी गरेको छ । तर एमालेसँग चुनावी तालमेल हुने अवस्थामा भने धेरै ठाउँ दाबी नगर्ने नीति पार्टीले लिएको अध्यक्ष ढकालले बताए ।

परिवारले सातदेखि दशवटा पालिकामा आफ्नो दाबी गर्ने तयारी गरेको छ । ढकालका अनुसार कुन कुन पालिकामा दाबी गर्ने भन्ने विषयमा निर्णय भइसकेको छैन । एमाले स्थानीय तहमा लोकप्रिय रहेको भन्दै अध्यक्ष ढकालले उक्त पार्टीसँगको तालमेलले दुवै दललाई फाइदा हुने बताए ।

कुन क्षेत्रमा कसरी तालमेल गर्ने भन्ने विषयमा परिवार दलले वरिष्ठ उपाध्यक्ष विनोद डाँगीको संयोजकत्वमा निर्वाचन परिचालन समिति गठन गरेको छ । सो समितिलाई मुलुकभर पार्टीको अवस्था र प्रभाव क्षेत्र पहिचान गर्ने जिम्मेवारी दिइएको छ ।

उक्त समितिले रिर्पोट दिएपछि परिवार दलले दाबी गर्ने पालिकाको टुंगो लाग्ने अध्यक्ष ढकालले जानकारी दिए । एमाले उपाध्यक्ष पौडेलसँग कसरी तालमेल गर्ने मोडालिटीसहित फेरि छलफल गर्ने र अध्यक्ष केपी शर्मा ओलीसँग निर्णायक छलफल गर्ने परिवार दलले जनाएको छ । परिवार दलले महानगर र उपमहानगरपालिकाको उम्मेदवार केन्द्रले तोक्ने र बाँकी स्थानीय तहको उम्मेदवार चयन जिल्लाले गर्ने निर्णय गरेको छ ।

परिवार दलले मधेश प्रदेशका बारा र पर्सामा आफू बलियो रहेको दाबी गरेको छ भन प्रदेश एकमा सुनसरी र झापा, बागमतीमा काठमाडौं, नुवाकोट र मकवानपुर गण्डकीमा कास्की र गोरखा, लुम्बिनीको दाङ र रुपन्देही, कर्णालीको मुगु र दैलेख तथा सुदूरपश्चिमका कैलाली र कञ्चनपुरमा आफ्नो संगठन बलियो रहेको दाबी गरेको छ ।

## चैती छठ ...

यस पर्वको पहिलो दिन मङ्गलबार व्रतीहरुले नहा खा अर्थात् नुहाएर खाने गर्दछ अर्थात् जीउ चोख्याउने काम गरेका छन् ।

त्यस्तै पर्वको दोस्रो दिन बुधबार खर्ना मनाइएको । खर्नाका दिन व्रतीहरुले दिनभरि उपवास निराहार बसेर राति छठ देवतालाई आगमनको निम्तो दिँदै कुल देवताको पूजा गर्नेछन् र राति अरवा अरबाइन (बिना नुन हालेको) खानेकुरा खाने चलन छ ।

त्यस्तै आज साँझ अस्ताउँदो र भोलिपल्ट बिहानै पुनः छठघाटमा पुगी जलाशयमा पसेर अघिल्लो दिन गरेको क्रम दोहोऱ्याई प्रातः कालीन उदाउँदो सूर्यलाई अर्घ्य दिई छठ पर्व सम्पन्न गर्नेछन् ।

## मधेश प्रदेशको ...

भाषा संस्कृतिको संरक्षण सम्वर्द्धन गर्न प्रतिबद्ध रहेको उल्लेख गर्दै मुख्यमन्त्री राउतले मधेश भाषा साहित्य प्रज्ञा प्रतिष्ठान गठनको तैयारी अन्तिम चरणमा पुगेको बताए ।

मधेश प्रदेशका प्रमुख भाषाहरु मैथिली, भोजपुरी, बज्जिका लगायतका भाषा संस्कृतिको संरक्षण गठन गर्न लागेको प्रतिष्ठानले गर्नेमा आफु विश्वस्त रहेको उनको कथन थियो ।

कोषका अध्यक्ष जिव नाथ चौधरीको अध्यक्षता एवं पूर्व प्रधानमन्त्री माधव कुमार नेपालको प्रमुख आतिथ्यमा भएको उद्घाटन समारोहमा प्रदेश सरकारका मन्त्रीहरु, भाषा साहित्य क्षेत्रका प्रबुद्ध व्यक्तिहरुले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।


## आइगलग्गी सँ बचबाक लेल स्थानीय विपद जोखिम न्यूनिकरण समितिके सर्वसाधारणमें अनुरोध

असावधानी के कारण हरेक बर्ष सप्तरी जिला मे आइगलग्गी सँ जान आ माल के क्षति भ रहल छैक । आइगलग्गी सँ असामयीक मृत्यु सेहो भ सकैत अछि, तैं आइगलग्गी के रोकथाम के लेल निम्न उपाय सब अपनाउ आ आइगलग्गी सँ बचु आ बचाऊ ।

- गाम घर मे घुर के कारण बेसी आइगलग्गी होयत छैक, तैं अनावश्यक घुर नै करु, घुर के आइग के नीक जकाँ मिझा क/बुता क सुतु आ घुर सँ आइग नहि लागय तै प्रति सब गोटे सजग आ सतर्क रहु ।
- चुल्हाक आइग नीक सँ मिझाउ/बुताउ, चुल्हा पर खाना बनबैत काल पाइन चुल्हा के लग मे जरुर राखल करु ।
- बौवा बुच्चीके आइग सँ दूर राखु ।
- हवा बसात के समय मे आइग नै पजारु । सकभर भोरे खाना बनाउ आ हवा बसात कम भेलाक बादे खाना बनाउ ।
- बिडी, सिगरेट पी क जथाभावी नै फेकु ।
- चुल्हाके आइग बारी मे रहल छाउरक ढेरी पर मिझा क/बुता क मात्रै फेकल करु ।
- बच्चा, वृद्ध, अपाङ्ग, गर्भवति आ सुत्केरी महिला सभ आइगक चपेट मे जल्दी पइर सकैत अछि तैं हिनका सबके आइगलग्गी सँ बचयबाक लेल सब गोटे सतर्क रही ।
- जौं कतौ आइगलग्गी भ जाय त खाली हाथ नै जाक कमसेकम बाल्टिन या घैला मे पाइन ल क दौरु आ अविलम्ब आइग मिझाब/बुताब मे एक दोसर के सहयोग करु ।
- जौं कतौ आइगलग्गी भ जाय त बारुणयन्त्र के तुरन्त खबर करु ।
- भोर के ९ बजे तक खाना पकाक चुल्हा के आइगकै नीक जकाँ मिझाउ/बुताउ ।
- खाना पकाब काल खर पातके प्रयोग केला पर आइगलग्गी भ सकैय तै के लेल पूरे सावधानी अपनाउ आ चुल्हाके नजदिक मे एक गोटे अनिवार्य रहल करी ।
- दुपहरके समयमे हावा बेसी चलैके कारण भोर ९ बजे के बाद चुल्हा नै पजारु ।
- घरके नजदिक मे थ्रेसर सञ्चालन नै क के घरसँ दूर या खेतमे सञ्चालन करु ।
- सलाई, लाइटर, मट्टितेल लगायतके अन्य पेट्रोलियम पदार्थ बालबच्चा के पहुँच सँ दूर राखल जाउ ।
- घरमे एक बाल्टीन पाइन २४से घण्टा राखल करी
- गोहालीमे घुर पजारैतकाल सावधानी अपनाउ ।
- घरके कोनो सहज ठाममे २/४ बोरा बालु राखु जैस कहिँ कतौ आइगलग्गी भेला पर मिझाब मे/बुताब मे सहयोग हेतै ।
- घर आ गोहालीमे लगायल टाट के नीक जकाँ माइट सँ दुनु दिस लेवा लगाउ ।
- आइग सँ हुअ बाला जोखिम आ धनजनके क्षति के बारेमे परिवारके सदस्य सबके जानकारी कराक सजग आ सतर्कता अपनाउ ।
- गाम घरमे बारुणयन्त्र आब बाला रस्ता बाट खुल्ला राखु आ बारुणयन्त्रके पोखइर सँ पाइन भर मे आ आइगलग्गी नियन्त्रण करबा मे सहयोग करी
- गामके पोखइरमे पाइन सञ्चित क के राखु ।
- कहीं कतौ आइगलग्गी भेला पर नजदिकके प्रहरी चौकी या जिल्ला प्रहरी कार्यालयके कन्ट्रोलके नम्बर ९८५२८९०२७० या १०० नम्बरमे जानकारी कराउ ।
- ककरो जान या सम्पत्तिमे आइग लगेनाई अपराध छियै तैं एहेन काममे सहभागी नै होउ ।

अनुरोधकर्ता
बलानबिहुल गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, मल्हनिया, सप्तरी



डा. आदर्श कुमार सिंह
Dr. Adarsh Kumar Singh

MBBS, MD TU
NMC Reg. No. : 9413
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग

सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजबिराज, सप्तरी
Phone : 031-533774 / Mo. No : 9819721526, 9852820734


# विश्व समाचार

## रूसमा इन्टेलको सबै व्यापार बन्द

अमेरिका (वासिङटने), २३ चैत (रासस-एएनआई/स्पुतनिक) ।

कम्प्युटर कम्पोनेन्ट र इलेक्ट्रोनिक उपकरणको विश्वको सबैभन्दा ठूलो उत्पादकमध्ये एक अमेरिकी टेक्नोलोजी कम्पनी इन्टेलले युक्रेनको अवस्थालाई लिएर रुसमा आफ्ना सबै प्रकारका व्यापारिक गतिविधि स्थगित गरेको जनाएको छ ।

“तत्काल हामीले रुसमा सबै व्यापार सञ्चालन निलम्बित गरेका छौं,” कम्पनीले भनेको छ । “हामी रुसमा रहेका हाम्रा १,२०० कर्मचारीसहित हाम्रा सबै कर्मचारीलाई यो कठिन परिस्थितिबाट सहयोग गर्न आग्रह गरिरहेका छौं । हामीले हाम्रा विश्वव्यापी सञ्चालनमा अवरोध कम गर्न व्यापार निरन्तरताका उपाय पनि लागू गरेका छौं,” यसले भन्यो ।

रुसले युक्रेनमा गत फेब्रुअरी २४ मा डोनेट्स्क र लुहान्स्क जन गणतन्त्रले युक्रेनी सेनाको तीव्र आक्रमणबाट सुरक्षाका लागि गरेको आह्वानको जवाफमा युक्रेनमा विशेष सैन्य कारबाही शुरु गरेको थियो । रुसी रक्षा मन्त्रालयले युक्रेनी सैन्य पूर्वाधारलाई लक्षित गर्ने विशेष अपरेसनको उद्देश्य युक्रेनलाई असैनिकीकरण गर्ने बताएको छ । मस्कोले युक्रेन कब्जा गर्ने कुनै योजना नरहेको बताएको छ । यद्यपि पश्चिमा राष्ट्रले रुसमाथि थुप्रै प्रकारका प्रतिबन्ध लगाएका छन् ।

## भारत नियन्त्रित कश्मीरमा दुई आतङ्ककारीको मृत्यु

रिनगर भारत (काश्मिर), २३ चैत (रासस-सिन्ह्वा) ।

भारत नियन्त्रित काश्मिरमा प्रहरीले बुधबार यस क्षेत्रमा भएको गोली हानाहानमा दुई आतङ्ककारीको मृत्यु भएको जनाएको छ । भारतीय नियन्त्रित कश्मीरको ग्रीष्मकालीन राजधानी श्रीनगर शहरबाट करिब ४४ किलोमिटर दक्षिणमा रहेको पुलवामा जिल्लाको त्राल क्षेत्रमा गोली हानाहान भएको प्रहरीले जनाएको छ । विद्रोहीसँगको भिडन्तमा सरकारी फौजलाई कुनै क्षति नभएको प्रहरीले जनाएको छ । अधिकारीका अनुसार सरकारी सेनाले विशेष गुप्तचर सूचनाका आधारमा क्षेत्रलाई घेराबन्दी गरेको थियो ।

## अमेरिका, बेलायत र अष्ट्रेलियाले हाइपरसोनिक मिसाइल विकास गर्ने

वासिङटन, २३ चैत (रासस-सिन्ह्वा) ।

संयुक्त राज्य अमेरिका, बेलायत र अष्ट्रेलियाले मङ्गलबार हाइपरसोनिक मिसाइल विकास गर्न सहकार्य गर्ने घोषणा गरेका छन् । त्रिपक्षीय रक्षा सहयोगको समीक्षा गरेपछि जारी गरिएको संयुक्त विज्ञप्तिमा अमेरिकी राष्ट्रपति जो बाइडेन, बेलायती प्रधानमन्त्री बोरिस जोनसन, अष्ट्रेलियाका प्रधानमन्त्री स्कट मोरिसनले हाइपरसोनिक्स र काउन्टरमा नयाँ त्रिपक्षीय सहयोग शुरु गर्न बुधबार प्रतिबद्ध रहेको बताएका चन् ।

सेप्टेम्बर २०२१ मा अयुकुस(ब्प्क) भनेर चिनिने सुरक्षा गठबन्धन गठन गर्ने तीन राष्ट्रका नेताले सहयोगका नयाँ घोषणा गरिएका क्षेत्रले “साइबर क्षमता, कृत्रिम बुद्धिमत्ता, क्वान्टम टेक्नोलोजी, र अतिरिक्त समुद्रमुनि क्षमतामा सहयोगलाई अझ गहिरो बनाउनका लागि हाम्रा विद्यमान प्रयासहरुलाई थप्नेछ,” विज्ञप्तिमा भनिएको छ । अयुकुस अन्तर्गत संयुक्त राज्य अमेरिका र बेलायतले अष्ट्रेलियालाई आणविक शक्तियुक्त पनडुब्बी प्रदान गर्ने वाचा गरेका छन् । फ्रान्सले भने यसलाई ठूला शक्तिबीच हतियार दौडको संज्ञा दिँदै यसले थप त्रास सिर्जना गर्ने र दक्षिणपूर्वी एसियाली क्षेत्रलाई अस्थिर बनाउँने टिप्पणी गरेको छ ।

गठबन्धन स्थापना भएको केही समयपछि इन्डोनेसियाली विदेश मन्त्रालयले “यसक्षेत्रमा जारी हतियार दौड र शक्ति प्रक्षेपणको बारेमा गहिरो चिन्ता रहेको” बताएको छ । यसैबीच मलेसियाका प्रधानमन्त्री इस्माइल साबरी याकोबले आणविक शक्तिबाट चल्ने पनडुब्बी परियोजनाले “यस क्षेत्रमा थप आक्रामक कारबाही गर्न अन्य शक्तिलाई उक्साउन सक्ने” टिप्पणी गरेका छन् ।

## श्रीलङ्काका राष्ट्रपतिद्वारा सङ्टकाल खारेज

कोलम्बो, २३ चैत (रासस/एएनआई) ।

श्रीलङ्काका राष्ट्रपति गोटावाय राजापाक्षेले देशभरी लगाइएको सङ्कटकाल खारेज गर्नुभएको छ । यही अप्रिल ५ को मध्यरातदेखि लागू हुनेगरि सङ्कटकाल हटाउने निर्णय भएको अधिकारीले मङ्गलबार जानकारी दिएका छन् । आन्दोलनमा उत्रिएका नागरिकले राष्ट्रपति निवास घेराउ गर्दै नारावाजी गरेपछि सरकारले देशव्यापी सङ्कटकालको घोषणा गरेको थियो ।

“सार्वजनिक सुरक्षालाई ध्यान दिँदै लागू गरिएको सङ्कटकाल हटाउने निर्णय भएको छ,” राष्ट्रपति राजापाक्षेले भन्नुभयो । आर्थिक तथा राजनीतिक सङ्कटमा परेको श्रीलङ्कामा सरकारका कारण सङ्कट उत्पन्न भएको भन्दै सुरु भएको आन्दोलन अझै पनि जारी छ ।

प्रशासनिक सङ्कटकाल खारेज गरिएपनि स्वास्थ्य सङ्कटकाल भने कायमै रहेको अधिकारीले जनाएका छन् । देशभरी औषधीको अभाव भएको, थप ल्याउन नसकिएको र स्वास्थ्य सेवा प्रवाहमा पनि समस्या भएकाले स्वास्थ्य सङ्कटकाल लगाउनु परेको सरकारी अधिकारीको भनाइ छ ।

# लोसपा अध्यक्ष ठाकुरको स्वास्थ्यमा समस्या



**दैनिक समाचारदाता**
**काठमाडौं, २३ चैत ।**

लोकतान्त्रिक समाजवादी पार्टीका अध्यक्ष महन्थ ठाकुर कार्यक्रममा सहभागि हुन भैरहवामा रहेको बेला अचानक स्वास्थ्यमा समस्या देखिएपछि उपचारका लागि बुधबारै हेलिकप्टरबाट काठमाडौं लगिएको छ ।

बुधबार बिहान ठाकुरले आफ्नो स्वास्थ्यमा समस्या आएको बताएपछि भैरहवास्थित भीम अस्पतलका चिकित्सक सिद्धार्थ पाण्डेसहितको टिम उनको उपचारमा खटिएको थियो ।

उपचारपछि उहाँको स्वास्थ्य अवस्थामा धेरै सुधार आए पनि थप उपचारका लागि काठमाडौं रिफर गरिएको हो ।

चिकित्सकहरूका अनुसार ठाकुरको उच्च ज्वरो, निमोनिया र अक्सिजन लेबलसमेत घटेको थियो । ठाकुरको स्मरणमा समेत केही समस्या देखिएको थियो ।

पार्टीको प्रदेशस्तरीय कार्यक्रमका लागि भैरहवा आइपुगेका ठाकुरसहित उनको साथमा पार्टीका नेता सर्वेन्द्रनाथ शुक्ला, राजेन्द्र महतो, अनिल झा लगायत नेता थिए ।

# जिल्ला तथा पालिका स्तरीय शुभारम्भ गोष्ठी सम्पन्न

**दैनिक समाचारदाता**
**राजविराज, २३ चैत ।**

आमा तथा बाल स्वास्थ्य र पोषण कार्यक्रम अर्न्तगत जिल्ला तथा पालिका स्तरीय शुभारम्भ गोष्ठी सम्पन्न भएको छ ।

आसामान नेपालका आयोजनमा आयोजित जिल्ला तथा पालिका स्तरीय शुभारम्भ गोष्ठी कार्यक्रममा एकीकृत स्वास्थ्य र पोषण कार्यक्रम, गर्भवती र सुत्केरी महिला तथा ६ देखि २३ महिनाका बालबालिकाहरु बीच आवश्यक स्वास्थ्य र पोषण सेवाहरुको पहुँच र उपयोगिता बढाउने, मातृ शिशु र बालबालिकाहरुलाई गुणस्तरीय पोष्टिक खाना खुवाउने, आमा र हेरचाहकर्ताहरुको ब्यवहार, अभ्यास र ज्ञानमा सुधार गर्नु र एसबीसीको माध्यमबाट स्याहर र पोषण ब्यवहारमा सुधार गर्नु लगायत बारेमा जानकारी दिइएको छ ।

परिवार कल्याण महाशाखा अर्न्तगत पोषण शाखा प्रमुख लिला बिक्रम थापाको प्रमुख आतिथियमा संचालन भएको कार्यक्रममा मधेस प्रदेशका सिरहा र सप्तरी जिल्लामा स्थानिय स्तरमा उपलब्ध पौष्टिक खाद्यान्नमा पहुँच र उपयोगमा बृद्धि गरी बालबालिका, गर्भवती र सुकेरी महिलाको पोषण स्थितिमा सुधार र स्थानिय रुपमा उपलब्ध पौष्टिक खानाहरुमा समेत पहुँच बढाउनुपर्ने लगायतका कार्यहरु संचालन हुने आसमान नेपालका कार्यक्रम संयोजक सावन कुमार यादवले जानकारी दिए ।




तीन करोड ४५ लाख ४१ हजार २५ रुपैयाको कुल लागतमा एक बर्षमा गभर्वती, सुत्केरी, महिला र ६ देखि २३ महिनाका बालबालिकाहरुलाई आमा तथा बाल स्वास्थ्य र पोषण कार्यक्रम संचालन गर्ने आसमान नेपालका अभियान्ता रोकी साहले बताए ।

जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख दुनियालाल यादवको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा परिवार कल्याण महाशाखा अर्न्तगत पोषण शाखा प्रमुख लिला बिक्रम थापाले स्थानिय तहमा स्वास्थ्य सम्बन्धि आसमान नेपालले संचालन गनुपर्ने जोड दिए ।

कार्यक्रममा सप्तरीका प्रमुख जिल्ला अधिकारी जनार्दन गौतम, बिश्व खाद्य कार्यक्रम अधिकृत कृष्ण प्रसाद लाम्साल लगायत बिभिन्न वक्तहरुले कार्यक्रमको सफलताको बारेमा शुभकामना ब्यक्त गरेका थिए । कार्यक्रममा १८ वटै स्थानिय तहबाट स्वास्थ्य शिक्षा र बिभिन्न सम्बन्धित निकायबाट आएका प्रतिनिधिहरुको उपस्थिती रहेको थियो ।

# बाल शिक्षा सम्बन्धी सडक नाटक सम्पन्न



**दैनिक समाचारदाता**
**राजविराज, २३ चैत ।**

“आब नै छोडवै स्कुल” मूल नाराका साथ बुधबार सप्तरीको तीन स्थानमा बालश्रम, बालशिक्षा सम्बन्धी जनचेतनामूलक सडक नाटक सम्पन्न भएको छ ।

सेभ द सप्तरीको आयोजना तथा विश्व शिक्षाको सहयोगमा आयोजित उक्त सडक नाटक जिल्लाको छिन्नमस्ताको कोचाशखारी, विष्णुपुर र राजगढको मलेकपुरमा सम्पन्न भएको हो ।

स्थानिय जनचेतना समूहका कलाकारहरुद्वारा प्रस्तुत सडक नाटकमा इटाभट्टा, होटल, ग्यारेज तथा विभिन्न कुलतमा फसिरहेका बालबालिकाप्रति लक्षित गर्दै अनिवार्य विद्यालय भर्ना गराउनु पर्ने अभिनयको माध्यमबाट उजागर गरिएको थियो ।

उक्त नाटकमा समूहका संयोजक जिवछ दास, डिपि शास्त्री, सुभाष बिरपुरिया, देवकरण दास, श्रीनारायण ठाकुर, हरेराम दास, रमिला साह, दशमी देवी र बालकलाकर सुष्मा कुमारीले अभिनय गरेका थिए ।

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**तिरहुत गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, गोइठी, सप्तरी**

## सामाजिक सञ्जालको दुरुपयोगबारे सचेत रहौं ।

- आफुले प्रयोग गर्ने मोबाईल, कम्प्युटरजस्ता विधुतीय उपकरण सधै लगआउट गरौं ।
- अरुलाई आफ्नो एकाउण्टको पासवर्ड थाहा नदिउँ ।
- साथीभाई वा अन्यको फोटो तथा भिडियो खिच्नु अघि र सामाजिक सञ्जालमा राख्नु अघि अनुमति लिऔं ।
- अपरिचित व्यक्तिको साथी बन्ने प्रस्ताव आए अस्वीकार गरौं ।
- सामाजिक सञ्जालमै चिनेको भरमा बोलाएको ठाउँमा भेट्न नजाउँ ।
- सामाजिक जिवनमा गर्न नमिल्ने काम तथा व्यवहार सामाजिक सञ्जालमा नगरौं ।
- सामाजिक सञ्जालमा देखिएका भ्रामक, आधिकारिकता नभएका सूचना सन्देश, फोटो तथा भिडियो शेयर नगरौं ।
- कसैको मर्यादा, प्रतिष्ठा तथा सम्मानमा आँच आउने खालका सूचना तथा सन्देश पोष्ट वा शेयर नगरौं ।
- शंकास्पद तथा अशोभनीय सन्देश प्राप्त भए प्रतिपाद गरौ र रेकर्डको लागि सुरक्षित राखौं ।

**सामाजिक सञ्जालको उपयोगमा सचेत बनौं र त्यसबाट हुनसक्ने अपराधिक क्रियाकलाप नियन्त्रण गरौं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit
CITY EXPRESS MONEY TRANSFER Money Transfer Made Easy
Best Remit Quick & Easy
PRABHU Money Transfer प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money CHAUDHARY GROUP

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*